नेपाल सरकार

# विज्ञापन बोर्ड

## विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारण सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२।०८।११)

नेपाल सरकारबाट उपलब्ध गराइने लोककल्याणकारी विज्ञापन प्रसारण गर्न इच्छुक टेलिभिजन (भू-उपग्रह, भू-सतहि, केबल) र रेडियो तथा एफ. एम. रेडियोहरुले यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिनभित्र (२०८२ पौष १६ गते बुधबारसम्म) यस बोर्डको अनलाइन प्रणालीमार्फत आवेदन गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. लोककल्याणकारी विज्ञापन प्रसारण गर्न चाहने विद्युतीय सञ्चारमाध्यमले विज्ञापन बोर्डमा आफ्नो सञ्चारमाध्यम सूचीकरण तथा नवीकरण गर्नुपर्नेछ। सूचीकरण तथा नवीकरण भए पश्चात मात्रै लोककल्याणकारी विज्ञापन प्रसारणको लागि आवेदन दिन सकिनेछ।

२. सञ्चारमाध्यम सूचीकरण तथा नवीकरण गर्दा बोर्डको वेबसाइड adboard.gov.np को AMS वा ams.adboard.gov.np मा login गरी आवश्यक विवरण प्रविष्ट गर्नुपर्नेछ । साथै विद्युतीय सञ्चारमाध्यममा लोककल्याणकारी विज्ञापन प्रसारणसम्वन्धी कार्यविधि, २०८२ को दफा ८ बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछ ।

३. गत आर्थिक वर्षमा विज्ञापन बोर्डमा सूचीकरण भइसकेका विद्युतीय सञ्चारमाध्यमले समेत अद्यावधिक कागजातहरु प्रविष्ट गरी अनलाइन मार्फत चालु आर्थिक बर्षका लागि नविकरण गर्नुपर्नेछ ।

४. सञ्चारमाध्यमको सूचीकरण तथा नवीकरण स्वीकृत भए पश्चात विद्युतीय सञ्चारमाध्यमले लोककल्याणकारी विज्ञापन प्रसारणको लागि पूनः बोर्डको वेबसाइड ams.adboard.gov.np मा login गरी कार्यविधिको अनसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

५. सञ्चारमाध्यमको सूचीकरण/नवीकरण एवं लोककल्याणकारी विज्ञापन प्रसारणको लागि उल्लेखित शर्त, कागजात र प्रक्रिया पुरा नगरेका रेडियो तथा टेलिभिजनलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराइने छैन।

**यस सम्बन्धी विस्तृत जानकारीको लागि विज्ञापन बोर्डको इमेल info@adboard.gov.np वा ०१-५९०९३४४/५९१९३४६ मा सम्पर्क गर्नुहुन अनुरोध छ।**